२८

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, कात्तिक १४ गते २०४० साल (संख्या २८

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना

कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४०

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४०" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "अस्पताल" भन्नाले कान्ति बाल अस्पताल सम्झनुपर्छ ।

३. समितिको गठनः (१) कान्ति बाल अस्पताल विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायको सदस्यहरू रहनेछन्:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति– अध्यक्ष
(ख) स्वास्थ्य सेवा विभागका महा-निर्देशक वा निजको प्रतिनिधि– सदस्य
(ग) श्री ५ को सरकारद्वारा विशेषज्ञ डाक्टरहरू मध्येबाट मनोनीत तीन जना– सदस्य
(घ) चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गत बाल स्वास्थ्य विभागका प्रतिनिधि– सदस्य
(ङ) नेपाल पिडियाट्रिक सोसाइटीका प्रतिनिधि– सदस्य
(च) बाल समन्वय समितिका सदस्य-सचिव– सदस्य
(छ) मेडकल सुपरिण्टेण्डेण्ट, कान्ति बाल अस्पताल– सदस्य-सचिव।

(३) उप-दफा (२) को खण्ड (क) र (ग) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा समितिको राय लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थपघट गर्न वा हेरफेर समेत गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई अस्पतालको चिकित्सास्तर र सेवामा अभिवृद्धि गरी अस्पताललाई स्वावलम्बी बनाई अस्पतालको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछ ।

(क) अस्पतालको विकास सम्बन्धमा नीति निर्धारण गर्ने ।
(ख) अस्पतालको विस्तार, निर्माण र मर्मत गर्ने ।
(ग) अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।
(घ) अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद श्रृजना गरी श्री ५ को सरकार स्वास्थ्य सेवा विभाग वा चिकित्सा शास्त्र अध्ययन संस्थानबाट कर्मचारीहरू काजमा लिने वा समितिले आफ्नै स्रोतबाट तलब भत्ता दिने गरी करार सेवामा नियुक्ति गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाहरूबाट सहायता प्राप्त गर्ने ।

(च) बाल स्वास्थ्य तालीम कार्यक्रम सञ्चालन गर्ने र सो कार्यक्रममा आवश्यक सहयोगको लागि चिकित्सा शास्त्र अध्ययन संस्थानलाई अनुरोध गर्ने ।

(छ) बहिरङ्ग (आउट पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने ।

(ज) निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यस्तो शुल्कको दर निर्धारण गर्ने ।

(झ) अस्पताल सञ्चालन सम्बन्धित विशेषताहरूमा समितिले सिफारिश गरेका उम्मेदवारहरूलाई उच्च तालीमको निमित्त प्राहयता दिन श्री ५ को सरकारलाई अनुरोध गर्ने ।

(ञ) अस्पतालको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(ट) उपरोक्त कामहरूको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) समितिका एक-तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले समितिको बैठक आवश्यकतानुसार बोलाउन सक्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

(९) कम्तिमा वर्षको तीन (३) पटक समितिको बैठक बस्नु पर्नेछ ।

६. <u>समितिको कोष</u>: (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिका सबै खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) श्री ५ को सरकारबाट तलब भत्ताको लागि प्राप्त रकम ।

(ख) श्री ५ को सरकारबाट अस्पताल सञ्चालनको लागि प्राप्त अनुदान रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

(घ) अस्पतालले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम ।

(ङ) विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

तर श्री ५ को सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा खर्च गरिनेछ ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियम बमोजिम हुनेछ ।

७. <u>लेखापरीक्षण</u>: (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जनसुकै बखतमा समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. <u>कर्मचारी सम्बन्धी विशेष व्यवस्था</u>: (१) अस्पतालको दरबन्दीमा काम गरिरहेका श्री ५ को सरकारका प्राविधिक र प्रशासनिक कर्मचारीहरू समितिको निर्देशनमा काम गर्नेछन् र निजहरूले समितिबाटै तलब भत्ता र अन्य सुविधा पाउनेछन् ।

(२) अस्पतालका श्री ५ को सरकारका प्राविधिक वा प्रशासनिक कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्न परेमा समितिलाई जानकारी दिई गर्नु पर्नेछ ।

(३) अस्पतालका श्री ५ को सरकारको प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको सरुवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारवाई तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अस्पतालका श्री ५ को सरकारका कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरेबापत समितिले विशेष भत्ता दिन सक्नेछ।

(५) अस्पतालका श्री ५ को सरकारका कर्मचारीलाई सरुवा वा फिर्ता गर्नु परेमा सो गर्न परेको स्पष्ट कारण खुलाई र विभागीय कारवाई गर्नु परेमा सो कर्मचारीउपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो स्पष्ट खुलाई समितिले श्री ५ को सरकारमा सिफारिश पेश गर्नु पर्नेछ।

(६) अस्पतालका श्री ५ को सरकारका कर्मचारीहरूलाई अध्ययन बिदा, विशेष बिदा र असाधारण बिदा बाहेक अरू नियमानुसार पाइने बिदा समितिले दिन सक्नेछ।

९. अधिकार प्रत्यायोजनः समितिले आवश्यकता अनुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. नियमहरू बनाउन सक्नेः समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ।

११. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागमार्फत राख्नु पर्नेछ।

१२. निर्देशन दिनेः श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ।

१३. समितिको कार्यालयः समितिको प्रधान कार्यालय काठमाडौं, कान्ति अस्पतालमा रहनेछ।

१४. संशोधनः काठमाडौं, भक्तपुर र ललितपुर अस्पताल विकास समिति (गठन) आदेश, २०३४ को अनुसूचीबाट कान्ति बाल अस्पताल झिकिएको छ।

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।